# प्रदेश लोक सेवा आयोग ऐन, २०७६

प्रमाणीकरण मिति :- २०७६।०५।१७

<u>प्रस्तावना</u>: प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश संगठित संस्था, प्रदेशको अन्य सरकारी सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको संगठित संस्थाको पदमा उपयुक्त उम्मेदवार छनौटमा स्वच्छता, निष्पक्षता र योग्यता प्रणालीलाई व्यवस्थित गरी प्रदेश एवम् स्थानीय तहको सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ, प्रतिस्पर्धात्मक, उत्तरदायी, सेवामुखी र समावेशितालाई समेत मध्यनजर गर्दै योग्यता प्रणालीलाई अवलम्वन गर्न प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकारको व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश नं. १ को प्रदेश सभाले यो ऐन बनाएकोछ।

## परिच्छेद – १
## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त, नाम र प्रारम्भ</u>: (१) यस ऐनको नाम **"प्रदेश लोक सेवा आयोग ऐन,२०७६"** रहेकोछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषा</u>: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"अख्तियारवाला"** भन्नाले कानून बमोजिम कुनै पदमा नियुक्ती गर्ने वा विभागीय सजाय गर्ने अख्तियार प्राप्त अधिकारी सम्झनु पर्छ।

(ख) **"अध्यक्ष"** भन्नाले प्रदेश लोक सेवा आयोगको अध्यक्ष सम्झनु पर्छ।

(ग) **"आयोग"** भन्नाले संविधानको धारा २४४ बमोजिमको प्रदेश लोक सेवा आयोग सम्झनु पर्छ।

(घ) **"तोकिएको" वा "तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ङ) **"पदपूर्ति"** भन्नाले प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा, संगठित संस्था र स्थानीय सरकारी सेवाको रिक्त पदमा खुला प्रतियोगिता तथा बढुवाद्वारा गरिने पदपूर्ति सम्झनुपर्छ।

(च) **"प्रदेश अन्य सरकारी सेवा"** भन्नाले प्रदेश निजामती सेवा र प्रदेश प्रहरी सेवा बाहेकको प्रदेश कानून बमोजिम गठन भएका अन्य सरकारी सेवा सम्झनु पर्छ।

(छ) **"प्रदेश निजामती सेवा वा पद"** भन्नाले प्रदेश प्रहरी कर्मचारीको सेवा वा पद र प्रदेश अन्य सरकारी कर्मचारीको सेवा वा पद तथा प्रदेश निजामती सेवा वा पद होइन

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं.

भनी ऐनद्वारा तोकिएको सेवा वा पद बाहेक प्रदेश सरकारको अरु सबै सेवा वा पद सम्झनु पर्छ।

(ज) **"प्रदेश प्रहरी सेवा"** भन्नाले प्रदेश कानूनद्वारा गठन भएको प्रदेश प्रहरी सेवा सम्झनु पर्छ।

(झ) **"मन्त्रालय"** भन्नाले प्रदेश नं. १ को मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सम्झनु पर्छ।

(ञ) **"मुख्य न्यायाधिवक्ता"** भन्नाले प्रदेश नं. १ को मुख्य न्यायाधिवक्तालाई सम्झनु पर्छ।

(ट) **"सङ्गठित संस्था"** भन्नाले पचास प्रतिशत वा सो भन्दा बढी शेयर वा जायजेथामा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रण भएको संस्थान, कम्पनी, बैंङ्क, समिति, प्रतिष्ठान, परिषद् वा प्रदेश कानून बमोजिम स्थापित वा प्रदेश सरकारद्वारा गठित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् र यस्तै प्रकृतिका अन्य सङ्गठित संस्था सम्झनु पर्छ।

(ठ) **"सदस्य"** भन्नाले आयोगको सदस्य सम्झनु पर्छ।

(ड) **"सामान्य सिद्धान्त"** भन्नाले परामर्श प्रदान गर्ने प्रयोजनका लागि आयोगले जारी गरेको सामान्य सिद्धान्त सम्झनु पर्छ।

(ढ) **"स्थानीय तह"** भन्नाले गाउँपालिका र नगरपालिका सम्झनु पर्छ।

(ण) **"स्थानीय सरकारी सेवा"** भन्नाले संविधानको धारा २८५ को उपधारा (३) बमोजिम कानूनद्वारा गठन हुने स्थानीय सरकारी सेवा सम्झनु पर्छ।

(त) **"संविधान"** भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

३. <u>प्रदेश लोक सेवा आयोगको गठनः</u> (१) प्रदेश लोक सेवा आयोगमा समावेशी सिद्धान्तका आधारमा कम्तिमा एक जना महिला हुने गरी अध्यक्ष सहित बढीमा तीन जना सदस्य रहने छन्।

(२) अध्यक्ष र सदस्यको नियुक्तिको लागि सिफारिस गर्न मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश सभाको सभामुख र प्रदेश सभामा विपक्षी दलको नेता रहेको एक सिफारिस समिति रहनेछ र त्यस्तो समितिमा प्रदेश सरकारको प्रमुख सचिवले सचिव भई काम गर्नेछ।

(३) उपदफा (२) बमोजिमको सिफारिस समितिले समानुपातिक समावेशी सिद्धान्तका आधारमा अध्यक्ष र सदस्यको पदमा नियुक्तिको लागि सिफारिस गर्नुपर्नेछ।

(४) उपदफा (२) बमोजिमको समितिको सिफारिसमा प्रदेश प्रमुखले अध्यक्ष र सदस्यको नियुक्ति गर्नेछ।

(५) देहायको योग्यता भएको नेपाली नागरिक आयोगको अध्यक्ष वा सदस्यको पदमा नियुक्तिका लागि योग्य हुनेछः

(क) मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि प्राप्त गरेको,
(ख) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,
(ग) अध्यक्षको हकमा पैंतालीस वर्ष र सदस्यको हकमा पैंतीस वर्ष उमेर पूरा भएको,
(घ) उच्च नैतिक चरित्र भएको।

(६) आयोगका सदस्यहरुमध्ये कम्तिमा एक जना सदस्य बीस वर्ष वा सोभन्दा बढी अवधिसम्म कुनै सरकारी सेवामा रहेका व्यक्तिहरु मध्येबाट र बाँकी सदस्यहरु विज्ञान, प्रविधि, कला, साहित्य, कानून, व्यवस्थापन, जनप्रशासन, समाजशास्त्र, राजनीतिशास्त्र वा राष्ट्रिय जीवनका अन्य क्षेत्रमा शोध, अनुसन्धान, अध्यापन वा अन्य कुनै महत्वपूर्ण कार्य गरी ख्याती प्राप्त गरेका व्यक्तिहरु मध्येबाट नियुक्त हुनेछन्।

(७) अध्यक्ष र सदस्यको पदावधि नियुक्ति भएको मितिले छ वर्ष हुनेछ।

(८) आफ्नो कार्यभार सम्हाल्नु अघि प्रदेश प्रमुखको उपस्थितिमा अध्यक्षले उच्च अदालतको मुख्य न्यायाधीश समक्ष र सदस्यले अध्यक्ष समक्ष अनुसूची-१ बमोजिमको ढाँचामा सपथ लिनुपर्नेछ।

(९) उपदफा (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै अवस्थामा लोक सेवा आयोगको अध्यक्ष वा सदस्यको पद रिक्त हुनेछः

(क) निजले प्रदेश प्रमुख समक्ष लिखित राजीनामा दिएमा,
(ख) निजको उमेर पैंसठ्ठी वर्ष पूरा भएमा,
(ग) उपदफा (१४) बमोजिम पदमुक्त भएमा,
(घ) शारीरिक वा मानसिक अस्वस्थताको कारणले सेवामा रही कार्यसम्पादन गर्न असमर्थ रहेको भनी प्रदेश सरकारले गठन गरेको मेडिकल बोर्डले दिएको सिफारिसको आधारमा उपदफा (२) बमोजिमको समितिको सिफारिसमा प्रदेश प्रमुखले पदमुक्त गरेमा,
(ङ) निजको मृत्यु भएमा,
(च) अन्य प्रचलित कानून बमोजिम अयोग्य ठहरिएमा।

(१०) संविधान र प्रचलित कानूनको गम्भीर उल्लङ्घन गरेमा, कार्यक्षमताको अभाव वा खराब आचरण भएको वा ईमान्दारी पूर्वक आफ्नो पदीय कर्तव्यको पालना नगरेको वा आचारसंहिताको गम्भीर उल्लङ्घन गरेको कारणले आफ्नो पदीय जिम्मेवारी पूरा गर्न नसकेको भनी प्रदेश सभाका तत्काल कायम रहेका सम्पूर्ण सदस्य सङ्ख्याको एक चौथाइ सदस्यले अध्यक्ष वा सदस्य विरुद्ध आरोपको प्रस्ताव पेश गर्न सक्नेछन्।

(११) उपदफा (१०) बमोजिम प्रस्ताव पेश भएमा प्रदेश सभाको सभामुखले कार्यव्यवस्था परामर्श समितिको परामर्शमा पाँच सदस्यीय छानविन सिफारिश समिति गठन गर्न सक्नेछ।

(१२) उपदफा (१०) बमोजिम अध्यक्ष वा सदस्यलाई जुन कारणका आधारमा पदमुक्त गर्न निज उपर प्रस्ताव पेश गरिएको हो सोही कारण र आधार खुलाई उपदफा (११) बमोजिमको समितिले आरोपपत्र तयार गरी अध्यक्ष वा सदस्यलाई आफ्नो स्पष्टीकरण सहितको सफाई पेश गर्न मनासिवमौका दिई आरोपपत्र दिनु पर्नेछ।

(१३) उपदफा (१२) बमोजिमको समयावधिभित्र अध्यक्ष वा सदस्यले स्पष्टीकरण पेश नगरेमा वा पेश गरेको स्पष्टीकरण उपदफा (११) बमोजिमको समितिलाई मनासिव नलागेमा समितिले सोही बमोजिम मूल्याङ्कन गरी उपदफा (१०) बमोजिमको प्रस्ताव उपयुक्त भए वा नभएको निर्णय गर्नेछ।

(१४) उपदफा (११) बमोजिमको समितिले उपदफा (१३) बमोजिम पदमुक्त गर्ने भनी दिएमा सिफारिस सहितको प्रस्ताव प्रदेश सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको दुई तिहाई बहुमतले प्रस्ताव पारित गरेमा अध्यक्ष वा सदस्य पदबाट मुक्त हुनेछ।

(१५) उपदफा (१४) बमोजिम पदमुक्त भएको व्यक्तिले त्यस्तो पदबाट पाउने कुनै सुविधा लिन र भविष्यमा कुनै सार्वजनिक पदमा नियुक्ति वा मनोनयन हुन सक्ने छैन।

४. <u>पुनः नियुक्तिः</u> (१) अध्यक्ष र सदस्यको पुनः नियुक्ति हुन सक्ने छैन र निज कुनै पनि सरकारी सेवामा नियुक्तिका लागि ग्राह्य हुने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि अध्यक्ष र सदस्य देहायको पदमा नियुक्तिको लागि ग्राह्य हुन सक्नेछः

(क) संवैधानिक निकायको पदाधिकारीको पदमा नियुक्ति हुन,

(ख) प्रदेश लोक सेवा आयोगको सदस्य सोही आयोगको अध्यक्ष पदमा नियुक्त हुन,

(ग) कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानविन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्ने कुनै पदमा नियुक्त हुन,

(३) प्रदेश लोक सेवा आयोगको सदस्य सोही आयोगको अध्यक्ष पदमा नियुक्त हुने भएमा निजको पदावधि गणना गर्दा निज सदस्य भएको अवधि समेतलाई जोडी गणना गरिनेछ।

५. <u>पारिश्रमिक, सुविधा र सेवाका शर्तहरुः</u> (१) आयोगका अध्यक्ष र सदस्यहरुको पारिश्रमिक रसुविधा अनुसूची (२) र (३) मा तोकिए बमोजिम हुनेछ । प्रदेश सरकारले उक्त अनुसूची संशोधन गर्न सक्ने छ।

(२) अध्यक्ष र सदस्यहरुको सेवाको शर्त तोकिए बमोजिम हुनेछ।

६. **<u>प्रदेश लोक सेवा आयोगको काम, कर्तव्य र अधिकार</u>**: (१) प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको पदमा नियुक्तिको लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्नु आयोगको कर्तव्य हुनेछ।

(२) विभिन्न सेवाको लागि उपयुक्त उम्मेदवार छनौटका लागि सञ्चालन गरिने परीक्षाको किसिम, पाठ्यक्रम तर्जुमा, परीक्षण विधि निर्धारण, विज्ञहरुको छनौट, प्रश्नपत्र निमार्ण तथा परिमार्जन, परीक्षा सञ्चालन, उत्तर पुस्तिकामा सङ्केत नम्बरको प्रयोग, उत्तरपुस्तिका परीक्षण, अन्तर्वार्ता सञ्चालन, नतिजा प्रकाशन र सिफारिस लगायतका काम कारवाही सम्बन्धमा लोक सेवा आयोगले अपनाएको अभ्यास, विधि तथा मापदण्डका आधारमा कार्य गर्नेछ।

(३) प्रदेश प्रहरी सेवा, शिक्षक सेवा लगायत प्रदेश अन्य सरकारी सेवा र संगठित संस्थाको पदमा पदपूर्तिका लागि लिइने लिखित परीक्षा आयोगले सञ्चालन गर्नेछ।

(४) प्रदेश प्रहरी सेवा, प्रदेश शिक्षक सेवार प्रदेश अन्य सरकारी सेवाका पदमा बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श लिनु पर्नेछ।

(५) कुनै संगठित संस्थाका सेवाका कर्मचारीहरुको सेवाका शर्त सम्बन्धी कानून र त्यस्तो सेवाका पदमा बढुवा वा विभागीय कारवाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श लिनु पर्नेछ।

(६) प्रदेश सरकारबाट निवृत्तिभरण पाउने पदमा आयोगको परामर्श बिना स्थायीनियुक्ति गरिने छैन।

(७) आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार आयोगको अध्यक्ष वा कुनै सदस्य वा प्रदेश सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालना गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ।

(८) आयोगको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

७. **<u>परीक्षा सञ्चालन</u>**: (१) प्रदेश लोक सेवा आयोगले प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा र स्थानीय सरकारी सेवा पदमा कर्मचारी नियुक्तिको लागि उपयुक्त उम्मेदवारको छनौट गर्दा लिखित परीक्षाका अतिरिक्त देहायको कुनै एक वा एक भन्दा बढी तरिका अपनाउन सक्नेछ।

(क) प्रयोगात्मक परीक्षा,

(ख) सीप परीक्षण,

(ग) अन्तर्वार्ता,

(घ) आयोगले समय समयमा तोकेका अन्य तरिका।

(२) प्रदेश प्रहरी सेवाको पदपूर्तिका लागि लिइने लिखित परीक्षा प्रदेश लोक सेवा आयोगले सञ्चालन गर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय गण्डकी प्र.नं.

८. **<u>परीक्षाको माध्यम भाषा</u>**: (१) प्रदेश लोक सेवा आयोगले सञ्चालन गर्ने लिखित परीक्षाको माध्यम भाषा संघीय सरकारी कामकाजको भाषा हुनेछ।

(२) उपदफा (१) मा लेखिएको भाषाका अतिरिक्त अंग्रेजी वा प्रदेश कानून बमोजिम निर्धारण गरिएको सरकारी कामकाजको भाषासमेत परीक्षाको माध्यम भाषा हुन सक्नेछ।

९. **<u>संघीय लोक सेवा आयोगलाई अनुरोध गर्न सक्ने</u>**: प्रदेश लोक सेवा आयोग गठन भएपछि प्रदेश लोक सेवा आयोगले सञ्चालन गर्ने कुनै परीक्षा सञ्चालन गरिदिन आवश्यक ठानेमा प्रदेश लोक सेवा आयोगको सिफारिसमा प्रदेश सरकारले नेपाल सरकार मार्फत् लोक सेवा आयोगलाई अनुरोध गर्न सक्नेछ।

१०. **<u>स्थायी नियुक्ति र परामर्श</u>**: (१) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवाको पद, प्रदेश सङ्गठित संस्थाको सेवाको पद, स्थानीय सरकारी सेवाको पदमा स्थायी नियुक्ति गर्दा प्रदेश लोक सेवा आयोगको परामर्श बिना गरिने छैन।

(२) देहायका विषयमा प्रदेश लोक सेवा आयोगको परामर्श लिनु पर्नेछ।

(क) प्रदेश निजामती सेवा, अन्य सरकारी सेवाको पद र स्थानीय सरकारी सेवाको पदमा छ महिना भन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(ख) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा र स्थानीय सरकारी सेवाको कर्मचारीको सेवा शर्त सम्बन्धी कानूनको विषयमा,

(ग) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा र स्थानीय सेवाको पदमा नियुक्ति, बढुवा र विभागीय कारवाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा,

(घ) प्रदेश प्रहरी सेवाको पदमा नियुक्ति तथा बढुवा गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा,

(ङ) कुनै एक प्रकारको प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदबाट अर्को प्रकारको प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदमा वा प्रदेश अन्य सरकारी सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदमा सरुवा वा बढुवा गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(च) प्रदेश सेवाको पदबाट संघीय सेवाको पदमा परिवर्तन गर्न र अन्तरप्रदेश सेवा परिवर्तन गर्ने विषयमा,

(छ) निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा वा स्थानीय सेवाको कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. २

११. **<u>लोक सेवा आयोगका सिद्धान्त र मापदण्ड अवलम्बन गर्नु पर्ने</u>**: (१) प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा र स्थानीयसरकारी सेवाको पदपूर्तिको लागि उम्मेदावारको छनौटलाई स्वच्छ, निष्पक्ष र विश्वसनीय बनाउन लोक सेवा आयोगले संघीय कानून बमोजिम अपनाएको सिद्धान्त, कार्यविधि र मापदण्डको प्रतिकूल नहुने गरी प्रदेश लोक सेवा आयोगले काम गर्नेछ।

(२) उपदफा (१) बमोजिमको लोक सेवा आयोले अपनाएको सिद्धान्त, कार्यविधि र मापदण्डलाई प्रदेश लोक सेवा आयोगले अवलम्बन गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको सिद्धान्त, कार्यविधि र मापदण्डको प्रतिकूल हुने गरी भए गरेको कामकारवाही स्वतः बदरभागी हुनेछ।

## परिच्छेद – २
## <u>आयोगको कार्य सञ्चालन तथा व्यवस्थापन</u>

१२. **<u>आयोगको कार्यालय</u>**: (१) आयोगको कार्य सञ्चालन तथा व्यवस्थापनको लागि आयोगको एक प्रदेश कार्यालय रहनेछ।

(२) उपदफा (१) बमोजिमको कार्यालय प्रदेश सरकारले तोकेको स्थानमा रहनेछ।

(३) आयोगको सङ्गठन संरचना र कर्मचारीको दरबन्दी आयोगको परामर्शमा प्रदेश सरकारले स्वीकृत गरे बमोजिम हुनेछ।

१३. **<u>आयोगको बैठक</u>**: (१) संविधान, यो ऐन र अन्य प्रचलित कानून बमोजिम आयोगले गर्नुपर्ने सबै काम आयोगको निर्णय बमोजिम हुनेछ।

(२) आयोगको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ।

(३) आयोगको तत्काल कायम रहेको सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा आयोगको बैठक बस्न सक्नेछ।

(४) आयोगको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(५) आयोगको निर्णय आयोगको सचिवले प्रमाणित गर्नेछ।

६) आयोगको बैठक सम्बन्धी अन्य कार्यविधि आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

१४. **<u>कार्यविभाजन</u>**: अध्यक्ष र सदस्यको कार्यविभाजन आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

१५. **<u>कार्यवाहक भई काम गर्ने</u>**: कुनै कारणले अध्यक्षको पद रिक्त भएमा, निज विदा बसेमा, काजमा खटिइवा अन्य कुनै अवस्था परी निजले कार्यसम्पादन गर्न नपाउने भएमा वा

अन्य कुनै कारणले निज आयोगमा अनुपस्थित रहेको अवस्थामा आयोगको वरिष्ठतम् सदस्यले आयोगको कार्यवाहक अध्यक्ष भई काम गर्नेछ।

१६. <u>कर्मचारी सम्बन्धी व्यवस्था</u>ः आयोगको कार्य सञ्चालन तथा व्यवस्थापनको लागि स्वीकृत दरबन्दी अनुसारका कर्मचारी प्रदेश सरकारले उपलब्ध गराउनेछ।

१७. <u>राय, परामर्श लिन सक्ने</u>ः (१) आयोगले आफ्नो कामको सम्बन्धमा कुनै संवैधानिक, प्रादेशिक निकाय, प्रदेश सरकारको कुनै मन्त्रालय, विभाग, कार्यालय वा प्रदेश सरकारको कुनै निकाय, प्रदेश आयोग वा समितिसँग परामर्श लिन सक्नेछ।

(२) आयोगले आफ्नो कामसँग सम्बन्धित संवैधानिक वा कानूनी प्रश्नको सम्बन्धमा आवश्यकता अनुसार मुख्य न्यायाधिवक्ता वा कुनै सरकारी निकाय वा विषय विज्ञसँग राय लिन सक्नेछ।

१८. <u>प्रतिरक्षा</u>ः आयोगले आफ्नो तर्फबाट कुनै अड्डा अदालतमा निवेदन दिन, मुद्दा दायर गर्न वा मुद्दा सम्बन्धी आवश्यक लिखत तयार गर्न, प्रतिरक्षा गर्न मुख्य न्यायाधिवक्ताको परामर्शमा अन्य कानून व्यवसायीको सेवा लिन सक्नेछ।

## परिच्छेद – ३
## <u>शैक्षिक योग्यता तथा पाठ्यक्रम</u>

१९. <u>शैक्षिक योग्यता निर्धारण</u>ः (१) प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा, स्थानीय सरकारी सेवा र संगठित संस्थामा पूर्ति गरिने पदको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता तथा अनुभव प्रदेश कानूनमा उल्लेख भए बमोजिम हुनेछ।

तर त्यस्तो कानून बनी लागू नभएको अवस्थामा प्रदेश लोक सेवा आयोगले निर्णय गरे बमोजिम हुनेछ।

(२) उम्मेदवारले कुनै विश्वविद्यालय वा शिक्षण संस्थाबाट प्राप्त गरेको शैक्षिक योग्यता सम्बन्धित सेवा, समुह वा उपसमुहको कुनै पदको लागि निर्धारण गरिएको शैक्षिक योग्यता सरह भए नभएको भन्ने विषयमा आयोगले निर्णय गरे बमोजिम हुनेछ।

(३) उपदफा (२) बमोजिम आयोगले गरेको निर्णय समान शैक्षिक योग्यता भएको अन्य उम्मेदवारको हकमा समेत लागू हुनेछ।

२०. <u>पाठ्यक्रम र परीक्षण विधि</u>ः (१) प्रदेश निजामती सेवाको रिक्त पदपूर्ति गर्नको लागि आयोगले लिने परीक्षाको पाठ्यक्रम, अङ्कभार, उत्तिर्णाङ्क, परीक्षण विधि, नतिजा प्रकाशन र तत् सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. ५

(२) प्रदेश प्रहरी सेवा, अन्य प्रदेश सरकारी सेवा, संगठित संस्था वा स्थानीय सरकारी सेवाको रिक्त पदपूर्ति गर्नका लागि आयोगले लिने लिखित परीक्षाको पाठ्यक्रम, अङ्कभार, उत्तिर्णाङ्क, परीक्षण विधि, नतिजा प्रकाशन र तत् सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद – ४
## पदपूर्तिसम्बन्धी व्यवस्था

२१. **पदपूर्तिको माग**: (१) प्रदेश निजामती सेवाको रिक्त पद पूर्तिका लागि सम्बन्धित निकायले तोकिए बमोजिमको माग फाराममा सम्बन्धित सेवा, समूह, उपसमूह, श्रेणी वा तह, पदसंख्या, कार्य विवरण र न्यूनतम योग्यता समेत उल्लेख गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत आयोगमा पठाउनु पर्नेछ।

(२) पदपूर्तिको माग सम्बन्धी अन्य व्यवस्था आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

२२. **सहमति लिनु पर्ने**: प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा र संगठित संस्था वा स्थानीय सरकारी सेवाको रिक्त पदमा पदपूर्तिको लागि न्यूनतम योग्यता समेत उल्लेख गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत आयोगमा पठाउनु पर्नेछ।

२३. **पद संख्या निर्धारण**: आयोगले प्रदेश निजामती सेवार स्थानीय सरकारी सेवाको रिक्त पदपूर्ति गर्दा त्यस्तो सेवाको शर्त सम्बन्धी प्रदेश कानूनमा उल्लेख भएको प्रतिशत बमोजिम खुला प्रतियोगिता, अन्तरसेवा प्रतियोगिता वा बढुवाद्वारा पूर्ति गरिने पदसंख्या निर्धारण गर्नु पर्नेछ।

२४. **विज्ञापन प्रकाशन गर्ने**: (१) प्रदेश लोकसेवा आयोगले प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा र स्थानीय सरकारी सेवाको रिक्त पदपूर्ति गर्नको लागि वार्षिक कार्यतालिका बनाई विज्ञापन प्रकाशन गर्नुपर्नेछ।

(२) दफा २३ बमोजिम पद संख्या निर्धारण भएपछि आयोगले खुला प्रतियोगिता तथा बढुवाद्वारा पदपूर्ति गर्न छुट्टाछुट्टै विज्ञापन प्रकाशन गर्नु पर्नेछ।

(३) पदपूर्तिका लागि आयोगले लिने परीक्षाको लागि विज्ञापन गर्दा देहायको विवरण खुलाउनु पर्नेछः

(क) रिक्त पदसंख्या, सेवा र समूह,
(ख) न्यूनतम शैक्षिक योग्यता, तालीम र अनुभव आवश्यक हुनेमा सो कुरा,
(ग) परीक्षा दस्तुर,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(घ) फाराम बुझाउने म्याद, स्थान, परीक्षा हुने मिति तथा परीक्षाको तरिका र परीक्षाको माध्यम (भाषा),

(ङ) दरखास्त फाराम बुझाउने अन्तिम म्यादमा आवश्यक पर्ने उमेरको हद,

(च) प्रचलित कानून बमोजिम स्थापना भएको सम्बन्धित व्यवसायिक परिषद्मा दर्ता, अद्यावधिक वा नवीकरण आवश्यक हुनेमा सो कुरा,

(छ) दरखास्त पेश गर्ने तरिका,

(ज) पाठ्यक्रम, र

(झ) अन्य आवश्यक कुराहरु।

(४) उपदफा (३) बमोजिम विज्ञापन प्रकाशन गर्दा आयोगले कम्तिमा प्रदेश स्तरका दैनिक समाचारपत्र, आयोगको वेवसाइट वा आवश्यकता अनुसार सञ्चारका अन्य माध्यम मार्फत विज्ञापन प्रकाशन गर्ने वा गराउने छ।

(५) उपदफा (३) बमोजिम दरखास्त फाराम बुझाउने म्याद दिँदा पहिलो पटक विज्ञापन प्रकाशन भएको मितिले कम्तिमा एक्काईस दिन दिनु पर्नेछ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि दरखास्त फाराम बुझाउने म्याद समाप्त भएको मितिले सात दिनभित्र दोब्बर दस्तुर तिरी दरखास्त फाराम बुझाउन सकिनेछ।

(७) प्रदेश सेवामा खुला प्रतियोगिता वा बढुवाद्वारा पदपूर्ति गर्दा लिइने परीक्षा दस्तुर, दरखास्त फारामको ढाँचा र परीक्षा सम्बन्धी अन्य व्यवस्था आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

२५. <u>दरखास्त अस्वीकृत गर्न सक्ने</u>: (१) दफा २४ बमोजिम आयोगले प्रकाशन गरेको विज्ञापन बमोजिम कुनै उम्मेदवारले पेश गरेको दरखास्त तोकिएको ढाँचा बमोजिम नभएको, रीत नपुगेको वा आयोगले निर्धारण गरे बमोजिमको योग्यता नभएको देखिएमा आयोगले परीक्षा सञ्चालन हुनु अगावै त्यस्तो दरखास्त अस्वीकृत गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम दरखास्त अस्वीकृत भएको कारण सहितको जानकारी आयोगले आफ्नो वेवसाईटमा प्रकाशन गर्नु पर्नेछ।

२६. <u>विज्ञापन वा परीक्षा रद्द वा संशोधन गर्न सक्ने</u>: (१) आयोगले प्रकाशन गरेको विज्ञापन अनुसारको पदपूर्ति गर्नु नपर्ने वा पद आवश्यक नभएको भनी परीक्षा सञ्चालन हुनु अगाडि सम्बन्धित निकायले मन्त्रालय मार्फत त्यस्तो विज्ञापन रद्द वा संशोधन गर्न मनासिव कारण सहित लिखित अनुरोध गरेमा आयोगले त्यस्तो विज्ञापन रद्द वा संशोधन गर्न वा गराउन सक्नेछ।

(२) आयोगले परीक्षा सञ्चालन गरेको केन्द्रमा कुनै किसिमको अनियमितता भएमा वा कुनै बाधा अवरोध उत्पन्न भई आंशिक वा पूर्णरुपले परीक्षा सञ्चालन हुन नसकेमा

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १

आयोगले त्यसको कारण खुलाई सम्बन्धित विज्ञापनको आंशिक वा सम्पूर्ण परीक्षा रद्द वा स्थगन गर्न सक्नेछ।

२७. **परीक्षा दस्तुर फिर्ता पाउने**ः (१) दफा २६ को उपदफा (१) बमोजिम विज्ञापन रद्द भएमा त्यस्तो विज्ञापनको लागि आयोगले लिएको परीक्षा दस्तुर सम्बन्धित व्यक्तिले फिर्ता पाउनेछ।

(२) उपदफा (१) बमोजिम परीक्षा दस्तुर फिर्ता पाउने व्यक्तिले तोकिएको अवधिभित्र आवश्यक कागजात सहित विज्ञापन प्रकाशन गर्ने कार्यालयमा निवेदन दिनु पर्नेछ।

२८. **प्रश्नपत्र निर्माण**ः (१) आयोगले सञ्चालन गर्ने परीक्षाको लागि आवश्यक पर्ने प्रश्नपत्रको निर्माण वा परिमार्जन (मोडरेशन) आयोगले निर्धारण गरेको मापदण्ड बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम प्रश्नपत्र निर्माण वा परिमार्जन गर्न विषय विज्ञको योग्यता, निजले पालना गर्नु पर्ने शर्त एवं अन्य व्यवस्था आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

२९. **विभिन्न चरणमा परीक्षा लिन सकिने**ः (१) आयोगले प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको पदमध्ये आयोगले तोकेको कुनै सेवा, समूह तथा उपसमूहको कुनै पदको लागि संयुक्त वा छुट्टाछुट्टै वा विभिन्न चरणमा परीक्षा लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम परीक्षा लिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३०. **प्रदेश प्रहरी सेवा, अन्य सरकारी वा सङ्गठित संस्थाको लिखित परीक्षा**ः (१) आयोगले प्रदेश प्रहरी सेवा, अन्य प्रदेश सरकारी सेवा वा सङ्गठित संस्थाको पदमा पदपूर्ति गर्न लिइने लिखित परीक्षा सञ्चालन गरी सोको नतिजा प्रकाशन गर्नेछ।

(२) सङ्गठित संस्थाको रिक्त पद पूर्तिका लागि आयोगले लिने लिखित परीक्षामा उम्मेदवार संख्याका आधारमा आयोगले पूर्व योग्यता परीक्षा लिन सक्नेछ।

(३) उपदफा (१) बमोजिम सञ्चालन गरिने लिखित परीक्षा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३१. **उत्तरपुस्तिकाको ढाँचा र उम्मेदवारले पालना गर्नुपर्ने शर्तहरु**ः उत्तरपुस्तिकाको ढाँचा र उम्मेदवारले पालना गर्नु पर्ने शर्तहरु तोकिए बमोजिम हुनेछन्।

३२. **उत्तरपुस्तिकामा सङ्केत नम्बर**ः (१) आयोगले लिने लिखित वा प्रयोगात्मक परीक्षा सम्पन्न भएपछि तोकिएको प्रक्रिया बमोजिम उत्तरपुस्तिकामा सङ्केत नम्बर राख्नु पर्नेछ।

(२) विद्युतीय प्रणालीबाट उत्तरपुस्तिका परीक्षण गर्ने प्रयोजनको लागि उत्तरपुस्तिकामा बारकोडको प्रयोग गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिम बारकोडको प्रयोग गरिएकोमा छुट्टै सङ्केत नम्बर राख्नु पर्ने छैन ।

(४) उत्तरपुस्तिकामा सङ्केत नम्बर राख्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(५) आयोगले सञ्चालन गर्ने लिखित परीक्षाको उत्तरपुस्तिकाको ढाँचा आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

३३. <u>उत्तरपुस्तिका परीक्षण</u>: (१) दफा ३२ बमोजिम उत्तरपुस्तिकामा सङ्केत नम्बर राखी सकेपछि विषय विज्ञ वा दक्षद्वारा उत्तरपुस्तिकाको परीक्षण गराउनु पर्नेछ।

(२) उत्तरपुस्तिकाको परीक्षण गर्ने विषय विज्ञ वा दक्षको योग्यता, पालना गर्नु पर्ने शर्त वा उत्तरपुस्तिका परीक्षण गर्ने स्थान सम्बन्धी अन्य व्यवस्था आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

(३) आयोगले दिएको निर्देशन वा दफा ३१ बमोजिम तोकिएको उत्तरपुस्तिकाको ढाँचा र शर्तको विपरीत हुने गरी लेखिएको उत्तरपुस्तिका परीक्षण गर्न आयोग बाध्य हुनेछैन।

३४. <u>सीप परीक्षण र प्रयोगात्मक परीक्षाको मूल्याङ्कन</u>: (१) आयोगले आवश्यकतानुसार सीप परीक्षण र प्रयोगात्मक परीक्षाको मूल्याङ्कनका लागि आयोगका सदस्यको अध्यक्षतामा सम्बन्धित विषयको विज्ञ र अन्य एक जना व्यक्ति सदस्य रहेको मूल्याङ्कन समिति गठन गर्न सक्नेछ।

तर सहायक स्तरको पदका लागि लिइने परीक्षण र प्रयोगात्मक परीक्षाको मूल्याङ्कन गर्न आयोगका अधिकृत स्तरका कर्मचारीको अध्यक्षतामा समिति गठन गर्न बाधा पर्नेछैन।

(२) सीप परीक्षण र प्रयोगात्मक परीक्षाको मूल्याङ्कन सम्बन्धी तरिका र विधि आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

३५. <u>लिखित वा प्रयोगात्मक परीक्षाको नतिजा</u>: (१) आयोगले लिखित वा प्रयोगात्मक परीक्षाको नतिजा प्रकाशन गर्दा त्यस्तो परीक्षामा उत्तिर्ण भएका उम्मेदवारमध्ये रिक्त पदको अनुपातमा तोकिए बमोजिमको संख्यामा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारको वर्णानुक्रम अनुसार नाम, थर र रोल नम्बर समेत उल्लेख गरी नतिजा प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम नतिजा प्रकाशन गर्दा अन्तर्वाता तथा विभिन्न चरणमा लिइने अन्य परीक्षाको कार्यक्रम र मिति समेत उल्लेख गर्नु पर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि सुरक्षा निकाय, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा वा सङ्गठित संस्थाको लिखित परीक्षाको नतिजा प्रकाशन गर्दा उम्मेदवारले प्राप्त गरेको अङ्क सिलबन्दी गरिसकेपछि आयोगले वेवसाईट मार्फत नतिजा प्रकाशन गर्नु पर्नेछ र अन्य प्रयोगात्मक परीक्षा वा अन्तर्वार्ताको लागि उपदफा (१) बमोजिम उत्तीर्ण उम्मेदवारको नामावली सम्बन्धित निकायमा पठाउनु पर्नेछ।

(४) आयोगले अन्य प्रयोगात्मक परीक्षा वा अन्तर्वार्ता सम्पन्न भई सकेपछि मात्र उपदफा (३) बमोजिमको सिलबन्दी प्राप्ताङ्क अन्तिम नतिजा प्रकाशनको लागि सम्बन्धित निकायमा पठाउनु पर्नेछ।

३६. **पुनर्योग**: (१) आयोगले सञ्चालन गरेको लिखित परीक्षाको नतिजा प्रकाशन भएपछि कुनै उम्मेदवारले आफ्नो लिखित परीक्षाको कुनै एक वा एक भन्दा बढी पत्रको पुनर्योग गर्नुपर्ने पत्र उल्लेख गरी सो पदका लागि तोकिएको परीक्षा दस्तुरको आधा दस्तुर संलग्न गरी लिखित परीक्षाको नतिजा प्रकाशन भएको सात दिनभित्र आयोगमा निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा त्यस्तो लिखित परीक्षाको नतिजा प्रकाशनमा संलग्न बाहेक अन्य कर्मचारीबाट प्राप्ताङ्कको पुनर्योग गरी सोको नतिजा पन्ध्र दिनभित्र सार्वजनिक गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम पुनर्योग गर्दा निवेदकको नाम लिखित परीक्षाको नतिजामा समावेश गर्नुपर्ने देखिएमा लिखित परीक्षाको नतिजामा समावेश गरी संशोधित सूचना प्रकाशन गर्नुपर्नेछ।

३७. **अन्तर्वार्ता समिति गठन**: (१) आयोगले पदपूर्तिको लागि उम्मेदवारको छनौट गर्न तोकिए बमोजिम अन्तर्वार्ता समिति गठन गर्नेछ।

(२) उपदफा (१) बमोजिम अन्तर्वार्ता समिति गठन गर्दा अन्तर्वार्ता समितिमा अध्यक्ष वा निजले तोकेको सदस्यको अध्यक्षतामा गठन गरिनेछ।

(३) उपदफा (१) बमोजिमको अन्तर्वार्ता समिति गठन गर्दा अन्तर्वार्ता समितिमा सम्बन्धित क्षेत्रमा तोकिए बमोजिमको योग्यता भएको कम्तीमा एक जना विषय विज्ञ रहने गरी गठन गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम अन्तर्वार्ता समिति गठन गर्दा समावेशी सहभागिता सुनिश्चित गरिनेछ।

(५) अन्तर्वार्ता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३८. **अन्तिम नतिजा प्रकाशन**: (१) आयोगले पदपूर्तिका लागि उम्मेदवार छनौट सम्बन्धी प्रकृया पूरा भएपछी सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारको रोल नम्बर, नाम, थर, ठेगाना, बाबु आमाको नाम र सिफारिस गरिएको निकाय समेत उल्लेख गरी योग्यताक्रम

अनुसार खुल्ला र समावेशी तर्फको एकीकृत योग्यताक्रम सहितको अन्तिम नतिजा प्रकाशन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम नतिजा प्रकाशन गर्दा तोकिए बमोजिमको संख्यामा बैकल्पिक उम्मेदवारको सूची र अन्तर्वार्तामा छनौट हुन नसकेका न्यूनतम उत्तीर्णाङ्क प्राप्त गरेको उम्मेदवारमध्ये तोकिएको संख्यामा अस्थायी उम्मेदवारको सूची प्रकाशन गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको बैकल्पिक सूची प्रकाशन भएको मितिले एक वर्षसम्म र अस्थायी सूची सोही पदको अर्को अस्थायी सूची प्रकाशन नभएसम्म कायम रहनेछ।

(४) उपदफा (१) बमोजिम योग्यताक्रमको सूची प्रकाशन गर्दा एउटै परीक्षाको माध्यमबाट सिफारिस हुने आन्तरिक, खुला तथा समावेशी समूहका उम्मेदवारले प्राप्त गरेको कूल अंकको आधारमा सेवा समूहको एकमुष्ट योग्यताक्रम सूची समेत तयार गरी प्रकाशन गर्नुपर्नेछ।

३९. **नियुक्तिको सिफारिसः** दफा ३८ को उपदफा (१) बमोजिमका उम्मेदवारलाई आयोगले योग्यताक्रम अनुसार नियुक्तिको लागि अख्तियारवाला निकाय वा तह समक्ष सिफारिस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सिफारिस गरिएको उम्मेदवारमध्ये एक वर्ष भित्र कुनै उम्मेदवारको नियुक्तिको सिफारिस बदर भएमा वा अन्य कुनै कारणले उक्त पद रिक्त भएमा दफा ३८ को उपदफा (३) बमोजिम आयोगले योग्यताक्रम अनुसार बैकल्पिक उम्मेदवारलाई नियुक्तिको लागि सिफारिस गर्नेछ।

(३) दफा ३८ को उपदफा (२) बमोजिमको सूचीबाट अस्थायी नियुक्तिका लागि सिफारिस गर्दा बैकल्पिक सूचीमा समावेश भई स्थायी नियुक्ति हुन नसकेको उम्मेदवारलाई पहिलो योग्यताक्रमको सूचीमा समावेश गर्नु पर्नेछ।

(४) आयोगबाट नियुक्तिको लागि सिफारिस भएको उम्मेदवारले नियुक्ति लिन नचाहेमा सिफारिस भएको मितिले तीस दिन भित्र आयोगमा लिखित जानकारी गराउनु पर्नेछ । लिखित जानकारी विना नियुक्ति नलिएमा त्यस्तो उम्मेदवारले सिफारिस भएको मितिले दुई वर्षसम्म आयोगले लिने परीक्षामा सहभागी हुन पाउने छैन।

(५) उम्मेदवारको नियुक्तिको सिफारिस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४०. **आयोगलाई सहयोग गर्नु पर्नेः** (१) आयोगले परीक्षा सञ्चालन र व्यवस्थापन सम्बन्धी कार्यको लागि प्रदेश सरकारी निकाय, शैक्षिक संस्था वा सङ्गठित संस्था वा स्थानीय सरकारी सेवाका कर्मचारीलाई काममा लगाउन सक्नेछ।

(२) आयोगको परीक्षा सञ्चालन र व्यवस्थापन सम्बन्धी कामको लागि संवैधानिक निकाय, सरकारी निकाय, स्थानीय तह, शिक्षण संस्था वा सङ्गठित संस्थाले कर्मचारी, भवन वा कोठा उपलब्ध गराई सहयोग गर्नु पर्नेछ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि आयोगको कार्य सम्पादन गर्नको लागि आयोगको कर्मचारीबाट मात्र सम्भव हुने नदेखिएमा आयोगले अन्य कार्यालयमा कार्यरत कर्मचारीलाई काजमा खटाई पठाउन सेवा सञ्चालन गर्ने निकायलाई लेखि पठाउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम आयोगबाट लेखि आएबमोजिम सम्बन्धित निकाय वा तहले कर्मचारी खटाई सहयोग गर्नु पर्नेछ।

४१. <u>विद्युतीय माध्यमको प्रयोग</u>: आयोगले रिक्त पदको माग, पदपूर्तिको विज्ञापन, परीक्षा सञ्चालन, नतिजा प्रकाशन जस्ता काममा विद्युतीय माध्यमको प्रयोग गर्न सक्नेछ।

## परिच्छेद – ५

## <u>परामर्श र अनुगमन तथा  निरीक्षण सम्बन्धी व्यवस्था</u>

४२. <u>आयोगले परामर्श दिँदा अपनाउनु पर्ने कार्यविधि</u>: (१) प्रदेश निजामती सेवाका कर्मचारीको सेवा शर्त सम्बन्धी कानूनको विषयमा आयोगमा परामर्श माग भई आएमा प्रदेश निजामती सेवाको कामको प्रकृति र अवस्था अनुसार समान वा पृथक-पृथक रुपमा परामर्श दिन सक्नेछ।

(२) प्रदेश निजामती सेवाको पदमा नियुक्ति, बढुवा वा त्यस्तो सेवाको कर्मचारीलाई विभागीय कारवाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श माग भएमा आयोगले सो सम्बन्धी निर्धारित सिद्धान्त समेतलाई विचार गरी परामर्श दिनेछ।

(३) आयोगले परामर्श दिँदा अपनाउनु पर्ने अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ।

४३. <u>आयोगको परामर्श कार्यान्वयन</u>: (१) आयोगले दिएको परामर्श कार्यान्वयन गर्ने गराउने दायित्व परामर्श माग गर्ने अधिकारीको हुनेछ।

(२) कुनै विशेष कारण वा परिस्थिति सृजना भई आयोगले दिएको परामर्श कार्यान्वयन गर्न सकिने अवस्था नभएमा त्यसको मनासिव कारण खोली परामर्श माग गर्ने अधिकारीले पुनर्विचारको लागि आयोग समक्ष लेखी पठाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम पुनर्विचारको लागि लेखि आएमा पुनर्विचार गर्नुपर्ने कारण वा परिस्थिति आधारयुक्त र औचित्यपूर्ण रहेको भन्ने लागेमा आयोगले तत् सम्बन्धमा पुनः परामर्श दिन सक्नेछ।

(४) विभागीय सजाय सम्बन्धमा आयोगबाट प्राप्त परामर्श सम्बन्धित अधिकारीले आयागले तोकेको अवधि भित्र कार्यान्वयन गरी आयोगलाई जानकारी दिनु पर्नेछ।

४४. **अनुगमन तथा निरीक्षणः** (१) आयोगले देहायको विषयमा अनुगमन तथा निरीक्षण गर्न वा गराउन सक्नेछः

(क) प्रदेश सरकारका विभिन्न मन्त्रालय, सचिवालय, विभाग, कार्यालय र स्थानीय तहले नियुक्ति, बढुवा र विभागीय कारवाही गर्दा संविधान तथा प्रचलित कानून र आयोगले दिएको परामर्श पालना गरेको वा नगरेको,

(ख) प्रदेश प्रहरी सेवा रप्रदेश अन्य सरकारी सेवाका पदमा बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा आयोगले दिएको परामर्श पालना भए नभएको,

(ग) सङ्गठित संस्थाको कर्मचारीको सेवाका शर्त सम्बन्धी कानून बनाउँदा त्यस्तो सङ्गठित संस्थाको कानून पालना भए नभएको।

(२) अनुगमन तथा निरीक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४५. **कामकारवाही सच्याउन वा बदर गर्न सक्नेः** (१) संविधान, यो ऐन र अन्य प्रचलित कानून बमोजिम आयोगको परामर्श लिनु पर्ने विषयमा आयोगको परामर्श नलिई कुनै काम कारवाही भए गरेमा आयोगले त्यस्तो कामकारवाही बदर गर्न सक्नेछ।

(२) दफा ४४ बमोजिम अनुगमन वा निरीक्षण गर्दा वा गराउँदा संविधान, यो ऐन, अन्य प्रचलित कानून तथा आयोगले निर्धारण गरे बमोजिमको कार्यविधि वा शर्त पूरा नगरी कुनै कर्मचारीलाई नियुक्ति, बढुवा वा विभागीय कारवाही गरेको पाइएमा त्यस्तो नियुक्ति, बढुवा वा विभागीय कारवाही सच्याउन वा बदर गर्न आदेश दिन सक्नेछ।

(३) आयोगले प्रकाशन गरेको विज्ञापन बमोजिमको परीक्षामा वा आयोगले सञ्चालन गरेको परीक्षामा उम्मेदवार हुन कुनै व्यक्तिले पेश गरेको कुनै विवरण झुठा वा गलत देखिन आएमा आयोगले त्यस्तो उम्मेदवारको दरखास्त, परीक्षा, अन्तर्वार्ता वा नियुक्तिको सिफारिस बदर गर्नेछ र निजले नियुक्ति पाइसकेको भए प्रचलित कानून बमोजिम आवश्यक कारवाही चलाउन सम्बन्धित निकायमा लेखी पठाउनेछ।

(४) आयोगद्वारा प्रत्यायोजित अधिकार बमोजिम नियुक्त हुने पदमा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा कार्यविधि वा आयोगले तोकेको शर्त पूरा नगरी कुनै व्यक्तिलाई नियुक्ति गरेको पाइएमा आयोगले त्यस्तो नियुक्तिलाई जुनसुकै बखत बदर गर्न सक्नेछ र त्यस्तो नियुक्ति दिने अधिकारीलाई विभागीय कारवाहीका लागि आयोगले सम्बन्धित अख्तियार वालालाई निर्देशन दिनेछ।

## परिच्छेद– ६
## कसुर र सजाय

४६. **कामबाट हटाउने**: (१) यस ऐन बमोजिमको परीक्षा सञ्चालनमा संलग्न कर्मचारी वा व्यक्तिले परीक्षा केन्द्रमा कुनै अनियमित काम कारवाही गरेमा त्यस्तो कर्मचारी वा व्यक्तिलाई तत्काल कामबाट हटाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कामबाट हटाइएको कर्मचारी वा व्यक्तिलाई आयोगले अभिलेख राखी भविष्यमा आयोगबाट सञ्चालन हुने कुनै पनि परीक्षा सम्बन्धी काममा संलग्न हुन नपाउने गरी रोक लगाउन सक्नेछ।

(३) उपदफा (१) बमोजिम कामबाट हटाइएको कर्मचारी वाव्यक्तिको विवरण आयोगले आफ्नो वेवसाईटमा प्रकाशन गर्नेछ।

४७. **रोक लगाउन सक्ने**: (१) कुनै उम्मेदवारले कुनै परीक्षा केन्द्रमा हो-हल्ला गरी परीक्षा सञ्चालनमा बाधा अवरोध पुर्याएमा वा तोकिएको परीक्षा सम्बन्धी शर्त र मर्यादाको उल्लङ्घन गरेमा त्यस्तो उम्मेदवारलाई केन्द्राध्यक्षले तत्काल परीक्षा केन्द्रबाट निष्काशन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम निष्काशन गरिएको व्यक्तिलाई आयोगले आयोगद्वारा लिइने परीक्षामा दुई वर्षसम्म उम्मेदवार हुन नपाउने गरी रोक लगाउन सक्नेछ।

(३) परीक्षा केन्द्रमा चिट चोर्ने वा चोराउने, अर्काको नक्कल गर्ने वा गराउने, विद्युतीय उपकरणको प्रयोग गरी परीक्षामा अनियमित काम गर्ने वा आयोगले तोकेको शर्तहरु उल्लङ्घन गर्ने उम्मेदवारलाई आयोगले आयोगद्वारा लिइने परीक्षामा दुई वर्षसम्म उम्मेदवार हुन नपाउने गरी रोक लगाउन सक्नेछ।

(४) कुनै परीक्षार्थीले आफ्नो उत्तरपुस्तिका नबुझाई आफूसाथ लिई गएमा वा आयोगले फिर्ता गर्नु पर्ने भनी तोकेको प्रश्नपत्र फिर्ता नबुझाएमा वा कसैले त्यस्तो प्रश्नको प्रतिलिपि बनाई वा विद्युतीय उपकरणबाट सार्वजनिक गरेमा आयोगले त्यस्तो व्यक्तिलाई आयोगद्वारा लिइने परीक्षामा दुई वर्षसम्म उम्मेदवार हुन नपाउने गरी रोक लगाउन सक्नेछ।

(५) आयोगले परीक्षा सञ्चालन गरिरहेको परीक्षा केन्द्रमा आयोगले तोकेको परीक्षा समयमा सम्बन्धित पदाधिकारीको स्वीकृति बिना कसैले प्रवेश गरेमा वा प्रवेश गर्न प्रयत्न गरेमा आयोगले त्यस्तो व्यक्तिलाई आयोगद्वारा लिइने परीक्षामा चार वर्षसम्म उम्मेदवार हुन नपाउने गरी रोक लगाउन सक्नेछ।

(६) आयोगले परीक्षा सञ्चालन गर्ने परीक्षा केन्द्र कसैले नियन्त्रणमा लिएमा वा लिन प्रयत्न गरेमा, अर्काको नामबाट परीक्षा दिएमा वा दिन लगाएमा वा परीक्षा सञ्चालनमा बाधा अवरोध पुर्याएमा वा पुर्याउन प्रयत्न गरेमा आयोगले त्यस्तो व्यक्तिलाई

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

आयोगद्वारा लिइने परीक्षामा पाँच वर्षसम्म उम्मेदवार हुन नपाउने गरी रोक लगाउन सक्नेछ।

४८. **<u>मुद्दाको अनुसन्धान, तहकिकात र अभियोजन</u>**: यस ऐन बमोजिमको मुद्दा सरकार वादी हुनेछ र त्यस्तो कसुरमा मुद्दाको अनुसन्धान, तहकिकात र अभियोजन प्रचलित कानून बमोजिम हुनेछ।

## परिच्छेद – ७
## <u>विविध</u>

४९. **<u>वार्षिक प्रतिवेदन</u>**: (१) आयोगले आफूले गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिनाभित्र प्रदेश प्रमुख समक्ष पेश गर्नु पर्नेछ । उक्त प्रतिवेदन प्रदेश प्रमुखबाट मुख्यमन्त्री मार्फत प्रदेश सभामा पेश गरिनेछ।

(२) उपदफा (१) बमोजिम पेश गरिने प्रतिवेदनमा देहायको कुराहरु उल्लेख गर्नु पर्नेछ।

(क) उम्मेदवार छनौट गर्न लिएको परीक्षा र परीक्षामा संलग्न भएका तथा उत्तीर्ण भएको परिक्षार्थीको सङ्ख्यात्मक विवरण,

(ख) विभिन्न निकाय वा तहलाई आयोगले दिएको परामर्श र त्यस्तो परामर्श कार्यान्वयनको अवस्था,

(ग) प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका कर्मचारीलाई विभागीय कारवाही र सजाय गर्दा दिएको परामर्श र त्यस्तो परामर्श कार्यान्वयनको अवस्था,

(घ) विभिन्न सेवाको पदमा नियुक्ति, बढुवा र विभागीय कारवाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा दिएको परामर्श र त्यस्तो परामर्श कार्यान्वयनको अवस्था,

(ङ) प्रदेश निजामती सेवा, स्थानीय सरकारी सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा र सङ्गठित संस्थाको सेवामा सुधार गर्नुपर्ने विषय लगायत आयोगले आवश्यक ठानेका अन्य विषय।

५०. **<u>सुझाव दिन सक्ने</u>**: (१) आयोगको काम कारवाहीको सिलसिलामा वा आयोगले गरेको अध्ययन वा अनुसन्धानको आधारमा प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, स्थानीय सरकारी सेवा वा सङ्गठित संस्थाको सेवाको कर्मचारीको सेवाको शर्त सम्बन्धी कानूनमा सुधार गर्न आवश्यक देखिएमा आयोगले सम्बन्धित निकायलाई सुझाव दिन सक्नेछ।

(२) आयोगले प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, स्थानीय सरकारी सेवा वा संङ्गठित संस्थाको सेवासँग सम्बन्धित निकायको व्यवस्थापनलाई स्वच्छ, निष्पक्ष, सक्षम, कार्यमूलक र प्रभावकारी बनाउन सम्बन्धित निकाय वा तहलाई समय-समयमा आवश्यक सुझाव दिन सक्नेछ।

**५१.** <u>विभागीय सजायका लागि लेखी पठाउन सक्ने</u>: (१) दफा ४६ को उपदफा (१) बमोजिम कामबाट हटाइएको कर्मचारीलाई आयोगले विभागीय कारवाहीको लागि सम्बन्धित निकाय वा तहमा लेखी पठाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम विभागीय कारवाहीको लागि लेखी आएमा अख्तियारवालाले तीन महिना भित्र सम्बन्धित कर्मचारीलाई निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम विभागीय कारवाही गरी सोको जानकारी आयोगलाई दिनु पर्नेछ।

**५२.** <u>नियुक्ति रद्द हुने</u>: (१) प्रचलित कानून विपरीत निवृतिभरण पाउने पदमा कुनै व्यक्तिले स्थायी नियुक्ति पाएमा त्यस्तो नियुक्ति जुनसुकै बखत रद्द हुनेछ र त्यस्तो नियुक्ति दिने अधिकारीलाई विभागीय कारवाही हुनेछ।

(२) कसैले आफ्नो सट्टा अन्य कुनै व्यक्तिलाई परीक्षा दिन लगाएमा निजले परीक्षा दिएको सम्बन्धित विज्ञापनको सम्पूर्ण विषयको परीक्षा निजको हकमा स्वतः रद्द हुनेछ र त्यसरी दिएको परीक्षाको आधारमा सिफारिस भई कुनै व्यक्तिले नियुक्ति पाएको भएमा त्यस्तो नियुक्ति जुनसुकै बखत रद्द हुनेछ।

**५३.** <u>विषय विज्ञ वा दक्षको सेवा लिन सक्ने</u>: (१) आयोगले सम्पादन गर्नु पर्ने कामको लागि सम्बन्धित विषयको विज्ञ, दक्ष वा विशिष्टीकृत निकायको सेवा लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम सेवा लिने प्रयोजनको लागि विषय विज्ञ, दक्ष वा विशिष्टीकृत निकायको मनोनयन वा छनौट आयोगले गर्नेछ।

(३) उपदफा (१) बमोजिम सेवा लिए बापत सम्बन्धित विषय विज्ञ, दक्ष वा विशिष्टीकृत निकायलाई आयोगले निर्धारण गरेबमोजिमको पारिश्रमिक, सुविधा तथा सेवा शुल्क दिनेछ र त्यस्तो सेवा सुविधा उपलब्ध गराउँदा प्रचलित कानूनलाई आधार मान्नु पर्नेछ।

**५४.** <u>खर्च गर्न सक्ने</u>: प्रदेश सरकारले विनियोजन गरेको रकम प्रचलित कानून बमोजिम आयोगले खर्च गर्न सक्नेछ।

**५५.** <u>दस्तुर वा शुल्क</u>: (१) प्रदेश निजामती सेवामा खुला प्रतियोगिता, अन्तरसेवा प्रतियोगिता वा बढुवाद्वारा पदपूर्ति गर्दा लिइने परीक्षाको दस्तुर आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(२) यस ऐनमा अन्यत्र उल्लेख गरिएको अतिरिक्त आयोगको काम कारवाहीका सम्बन्धमा आयोगले आवश्यक दस्तुर वा शुल्क तोक्न सक्नेछ।

५६. <u>समन्वय र सहयोग</u>ः आयोगले समान उद्देश्यले स्थापना भएका संघीय वा अन्य प्रदेशको संस्थासँग समन्वय वा आपसी सम्बन्ध र सहयोग अभिवृद्धि गर्न सक्नेछ।

५७. <u>लिखतको गोपनीयता</u>ः (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि आयोगले सञ्चालन गर्ने परीक्षासँग सम्बन्धित लिखत तथा कागजात गोप्य रहनेछन् र अदालतको आदेश भएकोमा बाहेक त्यस्ता कागजात सार्वजनिक गर्न आयोग बाध्य हुने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि आयोगले निर्धारण गरेबमोजिमको परीक्षा सम्बन्धी कागजात वा विवरण सम्बन्धित व्यक्तिलाई दिन वा सार्वजनिक गर्न वा धुल्याउन सकिनेछ।

५८. <u>अधिकार प्रत्यायोजन</u>ः (१) आयोगले आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार अध्यक्ष, कुनै सदस्य वा आयोगको कर्मचारीलाई प्रत्यायोजन गर्नु पर्ने भएमा त्यस्तो अधिकारको प्रयोग र पालना गर्नु पर्ने शर्त निर्धारण गरी तोकिए बमोजिम प्रत्यायोजन गर्नुपर्नेछ।

५९. <u>उजूरी</u>ः (१) आयोगद्वारा प्रत्यायोजित अधिकार बमोजिम काम गर्ने अधिकारीले गरेको कामकारवाही चित्त नबुझ्ने व्यक्तिले सो कामकारवाही भए गरेको मितिले पैंतीस दिनभित्र आधार र कारण खोली आयोग समक्ष उजूरी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम उजूरी पर्न आएमा आयोगले तत् सम्बन्धमा आवश्यक जाँचबुझ गरी उपयुक्त निर्णय गर्नेछ।

६०. <u>प्रदेश लोक सेवा आयोग र संघीय लोक सेवा आयोगको सम्बन्ध</u>ः प्रदेश लोक सेवा आयोग र संघीय लोक सेवा आयोगबीच समन्वयात्मक सम्बन्ध रहनेछ।

६१. <u>प्रदेश सरकारसँग सम्पर्क</u>ः आयोगले प्रदेश सरकारसँग सम्पर्क राख्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत राख्नु पर्नेछ।

६२. <u>अनुसन्धानात्मक र प्रबर्द्धनात्मक कार्य गर्न सक्ने</u>ः आयोगले प्रदेश निजामती सेवालाई सक्षम र प्रभावकारी बनाउन तथा निजामती सेवा प्रति आकर्षण बढाउन समय समयमा अनुसन्धानात्मक र प्रबर्द्धनात्मक कार्यहरु गर्न सक्नेछ।

६३. <u>नियम बनाउने अधिकार</u>ः यो ऐन कार्यान्वयन गर्न प्रदेश लोक सेवा आयोगले आवश्यक नियम बनाउन सक्नेछ।

६४. **निर्देशिका वा कार्यविधि वा मापदण्ड बनाउन सक्ने**: यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आयोगले आफूले सम्पादन गर्नु पर्ने काम सुचारु रुपले सञ्चालन गर्न वा गराउनको लागि आवश्यकता अनुसार निर्देशिका वा कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्नेछ।

६५. **प्रचलित कानून बमोजिम हुने**: यस ऐनमा लेखिएको कुरामा यसै ऐन बमोजिम र अन्य कुरामा प्रचलित कानून बमोजिम हुनेछ।

६६. **बाधा अड्काउ फुकाउने:** यो ऐनको कार्यान्वयनको क्रममा समस्या आएमा ऐनको मर्म अनुसार आयोगले बाधा अड्काउ फुकाउन सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

## अनुसूची-१
दफा ३ को उपदफा (८) सँग सम्बन्धित

**<u>शपथ</u>**

म........................................ ईश्वर/जनताप्रति पूर्ण वफादार रही आयोगको अध्यक्ष/सदस्यको हैसियतले सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु । ईश्वर/जनताको नाममा शपथ लिन्छु कि नेपालको राजकीयसत्ता र सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधानप्रति पूर्ण वफादार रहँदै देश र जनताको भलो चिताइ, कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराव भावना नलिई इमान्दारीका साथ प्रचलित कानूनको अधीनमा रही कामकाज गर्नेछु र आफ्नो कर्तव्यको पालनाको शिलशिलामा आफूलाई जानकारीमा आएको गोप्य राख्नुपर्ने कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा संकेत गर्ने छैन ।

मितिः

.........................

हस्ताक्षर

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश

[a]अनुसूची-२

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

**प्रदेश लोक सेवा आयोगका अध्यक्षको पारिश्रमिक तथा अन्य सुविधा**

| क्र.सं. | सुविधाको प्रकार | इकाई | दर | कैफियत |
|---|---|---|---|---|
| १ | पारिश्रमिक | प्रति महिना | प्रमुख सचिवको शुरु तलब स्केल बराबर। | |
| २ | आवास सुविधा | - | रु. २०,०००।- (पन्ध्र कि.मि. भित्र नीजि आवास नहुनेको लागि मात्र) | |
| ३ | टेलिफोन, पत्र-पत्रिका, इन्टरनेट | प्रति महिना | रु. ३०००।- | |
| ४ | धारा, बिजुली, फोहर व्यवस्थापन | प्रति महिना | रु. १५००।- | |
| ५ | सवारी इन्धन | प्रति महिना | १०० लिटर | |
| ६ | मोविल | त्रैमासिक | १० लिटर | |
| ७ | यातायात सुबिधा | - | सवारी साधन (चारपाङ्ग्रे-१) उपलब्ध गराउने। | |
| ८ | यात्रा वीमा | - | दुई लाख रुपैयाँ। | |
| ९ | लुगा भत्ता | वार्षिक | रु. १०,०००।- | |
| १० | चाडपर्व खर्च | वार्षिक | एक महिनाको पारिश्रमिक बराबर। | |
| ११ | दैनिक भत्ता र भ्रमण खर्च (स्वदेश र विदेश) | प्रति दिन | प्रमुख सचिवको सरह। | |
| १२ | अतिथि सत्कार | प्रति महिना | प्रमुख सचिवको सरह। | |
| १३ | घर सरसफाई तथा मर्मत खर्च | वार्षिक | रु. ५०,०००।- (आफ्नो घरमा बस्ने पदाधिकारीलाई मात्र) | |

[a] प्रदेश सरकार (मं.प.) द्वारा मिति २०७८/११/२७ गते संशोधित



आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

❦अनुसूची-३

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

**प्रदेश लोक सेवा आयोगका सदस्यको पारिश्रमिक तथा अन्य सुविधा**

| क्र.सं. | सुविधाको प्रकार | इकाई | दर | कैफियत |
|---|---|---|---|---|
| १ | पारिश्रमिक | प्रति महिना | प्रदेश सचिवको शुरु तलब स्केल बराबर। | |
| २ | आवास सुविधा | प्रति महिना | रु. १८,०००।- (पन्ध्र कि.मि. भित्र नीजि आवास नहुनेको लागि मात्र) | |
| ३ | टेलिफोन, पत्र-पत्रिका, इन्टरनेट | प्रति महिना | रु. २५००।- | |
| ४ | धारा, बिजुली, फोहर व्यवस्थापन | प्रति महिना | रु. १५००।- | |
| ५ | सवारी इन्धन | प्रति महिना | ८० लिटर | |
| ६ | मोविल | त्रैमासिक | १० लिटर | |
| ७ | यातायात सुबिधा | - | सवारी साधन (चारपाङ्ग्रे-१) उपलब्ध गराउने। | |
| ८ | यात्रा वीमा | - | दुई लाख रुपैयाँ। | |
| ९ | लुगा भत्ता | वार्षिक | रु. १०,०००।- | |
| १० | चाडपर्व खर्च | वार्षिक | एक महिनाको पारिश्रमिक बराबर। | |
| ११ | दैनिक भत्ता र भ्रमण खर्च (स्वदेश र विदेश) | प्रति दिन | प्रदेश सचिवको सरह। | |
| १२ | अतिथि सत्कार | प्रति महिना | प्रदेश सचिवको सरह। | |
| १३ | घर सरसफाई तथा मर्मत खर्च | वार्षिक | रु. ४०,०००।- (आफ्नो घरमा बस्ने पदाधिकारीलाई मात्र) | |

❦ प्रदेश सरकार (मं.प.) द्वारा मिति २०७८/११/२७ गते संशोधित